क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः ५७, २०८२ साउन २५ गते आइतबार (10 Aug., 2025) -मूल्यः रु. ५।–, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

## श्रम आप्रवासन नीतिले भारत जाने कामदार उत्साहित

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २४ साउन**

कैलाली जोशीपुरका रामप्रसाद चौधरी चार वर्षदेखि पटके रोजगारीका लागि भारत गइरहेका छन् । रोपाइँ सकेर बर्खामा स्याउ टिप्न सिमला जाने गरेका उनी दसैंतिहार मनाउन घर फर्किन्छन् । तिहार सकेर फेरि सिमलातिरै गएर घाँस काट्ने र स्याउ बगैंचा गोडमेलको काम गर्छन् । बुधबार गड्डाचौकी नाका भएर सिमला जान लागेका उनलाई जहिल्यै एउटै कुराले पिरोल्छ। घर फर्किंदा ज्याला मजदुरी गरेर कमाएको भारु ल्याउन समस्या । भारतबाटै पठाउन पनि समस्या। यति मात्रै होइन बाटोमा लुटिने डरदेखि रोजगारस्थलमा समेत विभिन्न समस्या भइरहन्छन् ।

उनी रोजगारीको खोजीमा गइरहेकै बेला गत साता मन्त्रिपरिषद्ले राष्ट्रिय श्रम आप्रवासन नीति २०८२ पारित गरेको छ । जसले भारतको रोजगारीलाई पनि श्रम आप्रवासनमा समेट्ने छ। रोजगारीका लागि भारत जानेको अभिलेख राख्नुका साथै श्रमिकलाई कल्याणकारी सेवा प्रदान गर्नेछ। 'हामीले आउँदा जाँदा जहिल्यै दुख मात्रै पाउँछौं, कमाएको पैसा ल्याउँदा पनि झन्झट नै हुन्छ,' चौधरीले भने, 'त्यस्तो नीति आयो भने त केही सहज होला, तर लागू कहिले पो हुन्छ ।'

नेपालीहरुका लागि भारत रोजगारको प्रमुख गन्तव्य हो। न्यून आय भएका र कुनै सीप नभएका समेत अदक्ष कामदारका रुपमा भारत पस्छन् । उनीहरु दैनिक ज्यालादारीदेखि चौकिदारीलगायतका काम गर्छन्। तर हालसम्म कति नेपाली भारतमा काम गरिरहेका छन् ? कति रकम भित्रिन्छ ? वर्षमा कति जना कामको खोजीमा भारत पस्छन् ? यस विषयमा हालसम्म कुनै रेकर्ड छैन ।

'भारतमा काम गर्ने ठाउँदेखि यात्राका क्रममा धेरैले ज्यान गुमाउँछन्, तर उनीहरुका आफन्तले कुनै राहत समेत पाउँदैनन्,' एक दशकदेखि



रोजगारीका लागि भारत गइरहेका बझाङका राजबहादुर बोहराले भने, 'नीति आयो भन्ने सुन्यौं, यसले त्यस्ता समस्या समाधान गर्छ कि ?'

उनले यो नीतिले भारतबाट पैसा पठाउन पनि सहज हुने अवस्था आउने आशा गरेका छन्। तर त्यो लागू हुने नहुनेमा भने उनी विश्वस्त छैनन् । 'यो नीतिले कम्तीमा भारतको रोजगारीलाई पनि वैदेशिक रोजगारी मान्छ, त्यसपछि व्यवस्थापनका कुरा पनि हुँदै गर्छन्,' भारतको आप्रवासनका क्षेत्रमा लामो समयदेखि वकालत गरिरहेका गैरसरकारी संस्था निड्स नेपालका सहकार्यकारी निर्देशक प्रकाशचन्द्र मडैले भने, 'नीतिले भारत जाने कामदारको अभिलेख राख्ने, कल्याणकारी सेवामा समावेश गर्नेलगायतका कुरा ल्याएको छ, ढिलै भए पनि एउटा नीति आएको छ, त्यसले केही न केही सुधार गर्छ ।'

वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक रोजगार नीति २०६८ ले भारतको रोजगारीलाई समेटेको छैन। अहिलेको नीतिले अभिलेख संकलनसँगै सामाजिक सुरक्षा कोषमा समेत समेट्ने उल्लेख गरेको छ। नीतिले स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत अभिलेख राख्ने व्यवस्था गरेको छ ।

'भारतमा रोजगारीका लागि जानेहरुको आवधिक बिमा, सामाजिक सुरक्षा कोषमा समावेश र स्वास्थ्य सुरक्षाका कुरा मुख्य हुन्,' मडैले भने, 'अहिलेको नीतिले त्यो कुरा समेटेको छ जस्तो छ, भारत जानेको तथ्यांक राख्न सके धेरै कुरा व्यवस्थापन हुन्छ ।' सरोकारवाला र रोजगारीका लागि भारत जानेहरुले लामो समयदेखि यो विषय उठाउँदै आएका थिए । अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम) २०१९ मा गरेको अध्ययन अनुसार भारतमा ३० देखि ४० लाख नेपाली कार्यरत छन् । जसमध्ये १० लाख हाराहरी पटके रोजगारीका लागि आउजाउ गर्छन् । तर हालसम्म नेपालमा कुनै कुनै निकायसँग पनि यस विषयमा तथ्यांक छैन ।

नीतिसँगै आवश्यक कानुन निर्माण गरेर चाँडोभन्दा चाँडो कार्यान्वयनमा लैजान सके मात्रै भारतको रोजगारी व्यवस्थित हुन सक्ने देखिन्छ । 'विभिन्न संघसंस्था र अध्ययनले यो कुरा माग गर्दै आएका थिए,' भारतको आप्रवासनका विषयमा विद्यावारिधि गरेका सुदूरपश्चिम विश्वविद्यालयका उपप्राध्यापक दीपकचन्द्र भट्टले भने, 'भारतमा विभिन्न थरीका कामदार जान्छन्, कोही एक हप्ता काम गर्छन्, कोही महिना र कोही दुई तीन वर्षमा फर्किन्छन्, कस्तो खालको कामदारलाई नीतिले समेट्ने हो ? यो कुरा पनि जटिल छ।' उनले तेस्रो मुलुकजस्तै निश्चित अवधिका लागि जाने नभई मनलाग्दा जाने आउने भइरहने हुँदा यसलाई व्यवस्थित गर्न र अभिलेख राख्न पनि जटिल हुने बताए ।

अन्य मुलुकजस्तै सेवा पाउने भएमा कामदार आफैं पनि दर्ता हुन आउने भट्ट बताउँछन्। स्थानीय तहको रोजगार सेवा केन्द्रमार्फत अभिलेख राख्ने भने पनि सेवा केन्द्रहरुलाई दुरुस्त नबनाई त्यो सम्भव नहुने उनी बताउँछन् ।

यसअघि पनि बेलाबेलामा भारतको रोजगारीलाई व्यवस्थित गर्ने विषयमा छलफल तथा घोषणा भएको थियो । २०७३ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले पनि भारतको रोजगारीलाई व्यवस्थित गर्न तथ्यांक संकलनदेखि बिमालगायतका सेवा उपलब्ध गराउने घोषणा गरेका थिए । तर यो विषय घोषणामै सीमित हुन पुग्यो । त्यहीँ भएर अहिले पनि नीति कार्यान्वयन हुनेमा भने कामदारहरु विश्वस्त छैनन् ।

### उत्तराखण्ड बाढी
## आफन्त भन्छन् 'बेपत्ता भेटिने आस छैन, घर फर्कने तयारीमा छौं'





**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २४ साउन**

एकातिर आफन्त बेपत्ता भएको पीडा। अर्कोतिर बिहानैदेखि दिनभरि खोजीमा दौडिनुपर्ने । बर्दिया मधुवनका हरि परियारलाई अहिले यस्तै भएको छ। गत बुधबार भारत उत्तराखण्ड पौडीगढवालको थैलीसैन ब्लकको बंकुरा गाउँमा गएको बाढी पहिरोमा परी परियारकी भाउजू अमृतासँगै ५ जना नेपाली कामदार बेपत्ता भएका छन् ।

'नदी किनार र पहिरो गएको ठाउँमा खोज्दा खोज्दै थाकिसक्यौं,' परियारले भने, 'अब अन्तिम पटक पहिरोले थुपारेको गेग्रान पन्छाएर हेर्ने प्रयास गरिरहेका छौं, हातले पन्छाउन सकिने अवस्था छैन, पानीले बगाएर पन्छाउन सकिन्छ कि भनेर प्रयास भइरहेको छ।' उक्त क्षेत्रमा रहेका बेपत्ताका आफन्त र अन्य नेपालीहरु शनिबार पनि बिहानैदेखि आफन्तको खोजीमा जुटेका छन् ।

पहिरोमा बेपत्ता भएकी अमृताका श्रीमान रामु पनि बंकुरामै छन्। उनीहरु दुवै सँगै सडक निर्माणको काममा मजदुरी गर्न बंकुरा पुगेका हुन् । 'हामीहरु घरबाट सँगै आएका हौं, रामनगरबाट छुट्टियौं,' परियारले भने, 'दाइभाउजू काम गर्ने ठाउँभन्दा दुई सय मिटर टाढा थिए, घटनापछि बंकुरा आएको छु ।' बेपत्ता अमृताका जेठा छोरा यूएईमा छन् । कान्छा लद्दाकमा । उनीहरु दुवै घर फर्किरहेको परियारले बताए । जेठी छोरीको विवाह भइसकेको छ । कान्छी छोरी लक्ष्मी पनि सँगै थिइन् । उनी पनि पहिरोमा परेर घाइते भएकी छिन् । उनको खुट्टा भाँचिएर हल्द्वानीमा उपचार भइरहेको छ ।

'अब एक/दुई दिन हेर्छौं नभेटिए घर फर्केर किरिया गर्ने योजनामा छौं,' परियारले भने, 'अहिले सिन्धु खोलाको पानी गेग्रान भएतिर बगाएर त्यसभित्र पुरिएका छन् कि भनेर हेर्ने प्रयासमा छौं ।' उनले ठेकेदार र प्रधानसँग पनि राहतका लागि कुराकानी भइरहेको बताए । शुक्रबार घटनास्थलमा पुगेको उत्तराखण्डका आपदा विभागका मन्त्री धनसिंह रावतले उचित राहात उपलब्ध गराउने आश्वासन दिएका छन् ।

'खोजीसँगै राहतका लागि पनि प्रयास गरिरहेका छौं, सोमबारसम्म राहतका लागि आवश्यक निवेदन दिएर घर फर्किन्छौं,' परियारले भने, 'बेपत्ता भएका खड्का दम्पतीका बुवा पनि पुगेका छन्, अर्का बेपत्ता सुवास परियारका बुवालाई पनि खबर गरेको छु, उहाँ पनि आउदै हुनुहुन्छ भन्ने जानकारी पाएको छु ।'

पहिरोमा पनि बर्दियाको मधुवन नगरपालिका-५ का नरेन्द्र खड्का, उनकी श्रीमती सन्ध्या र १८ महिनाको छोरा रोमन पहिरोमा बेपत्ता भएका छन् । यसैगरि सोही नगरपालिकाका सुवास परियार पनि बेपत्ता छन्। खड्काका बुवा चूडामणि र भिनाजू नवीन थापा शुक्रबार बंकुरा पुगेका छन्। 'अब राहतका लागि केही काम गरेरै फर्किन्छौं, घरमै गएर किरिया गर्ने योजना बनाएका छौं,' चूडामणिले भने, 'यहाँ खोजेर पाइएला जस्तो मलाई त लाग्दैन ।' बंकुराका ग्राम प्रधानले राहतका लागि आवश्यक कागजात बनाइदिने भनेकाले त्यसकै लागि एक/दुई दिन बस्नुपर्ने उनले बताए ।

### उत्तराखण्डको धराली क्षेत्रबाट १३ जना नेपालीको उद्धार

भारत उत्तराखण्डको उत्तरकाशी जिल्लाको धराली तथा आसपासका क्षेत्रबाट १३ नेपालीको उद्धार गरिएको छ। दिल्लीस्थित नेपाली दूतावासका अनुसार प्रभावित क्षेत्रबाट शुक्रबार १ र शनिबार १२ जनाको उद्धार गरिएको हो। उद्धार गरिएकाको नाम खुले पनि थर र ठेगाना स्पष्ट हुन नसकेको दूतावासले जनाएको छ।

वीरेन्द्रलाई शुक्रबार उद्धार गरिएको छ । शनिबार ठेगाना नखुलेका प्रशंसा शाह, कोमल शाह र रमन शाहको उद्धार गरिएको छ। उनीहरू एकै परिवारका हुन् । यसैगरी गंगा र उनका श्रीमान् दिनेशको पनि उद्धार गरिएको छ । दूतावासका अनुसार सूर्य शाही, प्रवीण सिंह, नवराज बोहरा, गणेशबहादुर शाही, राजबहादुर शाही, दीपेन्द्र शाही र नरेन्द्र शाहीको समेत उद्धार गरिएको छ ।

उद्धार गरिएकाहरू भारतकै हरिद्वार र देहरादूनलगायत क्षेत्रमा छन् । 'अहिलेसम्म १३ जना नेपालीको उद्धार भएको छ, अन्यको अवस्थाबारे अझै केही जानकारी छैन,' दिल्लीस्थित दूतावासका काउन्सिलर प्रकाश मल्लले भने, 'अवस्था सहज हुँदै गएपछि नेपालीको अवस्थाबारे पनि थप जानकारी आउनेछ ।' उनका अनुसार हालसम्म धराली र गंगोत्री क्षेत्रबाट ९ सय ७५ जनाको उद्धार गरिएको छ ।

उत्तरकाशीका डीएम प्रशान्त आर्यका अनुसार खिरगंगा नदीले तहसनहस गरेको धराली बजार क्षेत्रमा हालसम्म दुई जनाको शव भेटिएको छ । 'शनिबारदेखि फोन सेवा सुरु भएको छ, अब कति बेपत्ता छन्, कति सकुशल छन् भन्ने खुल्नेछ,' डीएम आर्यले भने, 'खोज र उद्धारको काम सँगसँगै चलिरहेको छ ।' धराली क्षेत्रमा फसेकालाई हेलिकोप्टरबाट उद्धार भइरहेको छ। साथै उक्त क्षेत्रमा घाइतेको उपचारसमेत भइरहेको छ । उद्धारका लागि सेना, प्रहरी, एनडीआरएफ, एसडीआरएफलगायतको टिम परिचालन गरिएको छ ।

मंगलबार उत्तरकाशीको हर्षिल क्षेत्रमा आरीघोप्टे वर्षा हुँदा खिरगंगा नदीमा आएको बाढीले धराली बजार तहसनहस पारेको थियो । भागीरथी नदी किनारको धराली बजारमा रहेका होटल तथा घरहरू बाढीले पुरिएका छन्। कतिपय घर बगाएर भागीरथी नदीमा लगेको छ। धराली बजार क्षेत्रमा बाढीले ३०/३५ मिटरसम्म पटान गरेको छ। पटान गरिएको क्षेत्रमा रहेका घर तथा होटलहरूमा मानिससमेत पुरिएको हुन सक्ने अनुमान छ। उत्तरकाशी प्रहरीले कम्तीमा पनि ५० जना बेपत्ता रहेको अनुमान गरेको छ।




के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ ।
-पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracjimg गर्न सकिन्छ ।
-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।
जिल्ला हुलाक कार्यालय कञ्चनपुर

# रणभूमिमा परिणत कैलाली कारागार

## दिउँसो झगडा मिलाए, मध्यराति भयो हिंसात्मक झडप, जेलर र निमित्त जेलर बिदामा

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, २४ साउन**

बिहीबार बेलुकी कैलाली कारागारमा दुई समूहबीच झडप भयो । झडपमा ५ जना घाइते भए । कैदी स्थानान्तरणको विषयलाई लिएर दुई समूहबीच झडप भएको थियो । त्यसपछि अर्को दिन कैलालीका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाल, जिल्ला प्रहरी कार्यालय कैलालीका एसपी बालनरसिंह राणा लगायत सुरक्षा समितिको टोली कारागार पुगेको थियो ।

कारागारको ब्लक ए र बीका कैदीबीच झडप भएको थियो । सुरक्षा समितिको टोलीले दुवै पक्षसंग छुट्टा छुट्टै छलफल गरेर सम्झाएका थियो । कैलालीका सीडीओ हमालले त्यसपछि शुक्रबार दिउँसो पत्रकारहरुसंग भनेका थिए, 'कैदीबन्दीलाई सरुवा गर्ने क्रममा केही प्रतिरोध भएको थियो । त्यहाँ ग्रुपिजमको देखिने सम्भावना पनि छ । हामीले उनीहरूलाई सम्झाउने र बुझाउने काम गरिरहेका छौँ । अब त्यस्तो समस्या आउँदैन भन्ने प्रतिवद्धता गराएका छौं ।'

तर त्यसै मध्यराति कारागारमा हिंसात्मक झडप भएर रणभूमिमा परिणत भयो । झडपका क्रममा कुटपिटमा परेर कैदी धनगढी उपमहानगरपालिका-४ का भरत चौधरीको मृत्यु भएको छ, भने ४७ जना कैदी घाइते भएका छन् । उनीहरुको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । झडपमा कुटपिटपछि कैदीको मृत्यु भएपछि कारागार तनावग्रस्त छ ।

'हामीले बाहिरै खबर पाएका थियौं, त्याँ ग्याङ फाइट हुनेवाला छ भनेर । प्रशासनलाई पनि जानकारी गराइसकेका थियौं,' एक घाइते कैदीका आफन्तले भने, 'नभन्दै त्यस्तै भयो । एक जनाले ज्यान नै गुमाउनुपऱ्यो । प्रशासनको सुरक्षा कमजोरीले घटना भएको हो ।'

शुक्रबार मात्रै होइन यसअघि पनि कैलाली कारागारमा झडप भइरहन्थे । २८ असारमा कारागारका नाइके खगेन्द्र बोगटी कुटिए । त्यसअघि २ असारमा बैंकिङ कसुरमा दोषी ठहर भएर कैलाली कारागारमा सजाय भुक्तान गरिरहेका डडेल्धुराको






भागेश्वर गाउँपालिका-५ का २८ वर्षीय हरिसिंह पालीको मृत्यु भएको थियो । पालीलाई जिल्ला प्रहरी कार्यालय डडेल्धुराको टोलीले २९ जेठमा जिल्ला सदरमुकामबाटै पक्राउ गरेको थियो । एक दिन थुनामा राखेर ३० गते कैलाली प्रहरीलाई बुझाएको थियो । १ असारमा कैलाली प्रहरीले पालीलाई कैलाली कारागारमा बुझाएको थियो । २ असारको राति पाली एक्कासि बिरामी भएपछि उपचारका लागि सेती प्रादेशिक अस्पताल धनगढीमा पुऱ्याइएका उनको उनको मृत्यु भएको थियो । उनको शरीरमा चोटपटक भएकाले कुटपिटबाट मृत्यु भएको हुनसक्ने पोष्टमार्टम रिपोर्टले संकेत गरेको थियो । पालीको घटनाका अभियुक्त जिल्ला प्रहरी कार्यालय कैलालीमा कार्यरत हरिजित नाथ पुर्पक्षका लागि थुनामा छन् । उनै नाथले मृतक पालीविरुद्ध २८ भदौ २०८० मा बैंकिङ कसुरमा मुद्धा दिएका थिए ।

कारागारमा तारन्तार सामूहिक झडप भइरहँदा गम्भीर सुरक्षा चुनौती निम्त्याएको छ । निरन्तर झडप भएर अशान्त भइरहेका बेला कारागार प्रशासन भने अस्तव्यस्त देखिएको छ । कारागारका जेलर बसन्त खत्री साउन ३ गतेदेखि स्वास्थ्यको कारण देखाउँदै विदामा छन् । निमित्त जेलरको जिम्मेवारी पाएका नायवसुब्बा ज्ञानेन्द्र ओझा पनि बिदामा छन् । कैदीबन्दी सरुवाको विषय र आफ्नो वर्चश्व कायम गर्न सामूहिक झडप भइरहेको बताइन्छ । कैलालीमा विभिन्न समूह बनाएर आपराधिक क्रियाकलापमा संलग्नहरु कारागार पुगेपछि उनीहरूले जेलमै समूह बनाएर अराजक गतिविधि गरिरहेका छन् ।

भूपेन्द्र बडूवाल हत्या प्रकरणमा जेल परेका १४ अभियुक्तलाई ३ वटा अन्य कारागारमा सरुवा गरिएको छ । कारागारभित्र कसैले सरुवाको विरोध र कसैले अन्यको पनि सरुवा हुनु पर्ने भन्दै विरोध गर्दै आइरहेका थिए ।

भूपेन्द्र हत्या प्रकरणका अभियुक्तको सरुवा भएपछि नयाँ समूह बनाएर कारागारभित्र दबदबा चलाउन होडबाजी चलेको र सोही क्रममा झडप भइरहेको बताइन्छ ।

### छानबिन गर्न समिति गठन

घटनाको छानबिनका लागि पाँच सदस्यी छानबिन समिति गठन गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोकत्वमा छानबिन समिति गठन गरिएको हो । शुक्रबार राति कैदीबिच झडप भएपछि विहान जिल्ला सुरक्षा समितिको बैठक बसेको थियो ।

समितिको सदस्यमा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार सिंह, सशस्त्र प्रहरीका प्रहरी नायब उपरीक्षक जनकराज पन्त र जिल्ला अनुसन्धान कार्यालयका अनुसन्धान अधिकृत दीपेन्द्र सिंह रहेका छन् भने सदस्य सचिवमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत शिवराज जोशी छन् ।

छानबिन समितिलाई १० दिनभित्र छानबिन प्रतिवेदन बुझाउन निर्देशन भएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारीसमेत रहेका सदस्य सचिव जोशीले जानकारी दिए ।

शुक्रबार राति करिब पौने १ बजे दुई पक्षका कैदीबिच झडप भएको थियो । उनीहरूबिच जिम गर्ने सामग्रीले हानाहान भएको सूचना आएको कारागारका खरिदार रामप्रसाद चौधरीले जानकारी दिए ।

झडपमा परी धनगढीका ४० वर्षीय भरत चौधरीको मृत्यु भएको छ । ४७ जना घाइते भएका छन् । उनीहरूको टाउको, हात, मुख लगायत शरीरको विभिन्न भागमा चोट लागेको छ । घाइतेहरूको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ ।

### घाइते एक जनालाई थप उपचारका लागि स्काई ट्रकबाट काठमाडौं लगिँदै

झडपमा घाइते भएका एक जनालाई उपचारका लागि काठमाडौं लगिने भएको छ । नेपाली सेनाको स्काई ट्रक मार्फत गोदावरी नगरपालिका-२ का आयुश भट्टलाई थप उपचारका लागि काठमाडौं लगिने जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले बताए । स्काई ट्रक धनगढी विमानस्थल पुग्दैछ । गम्भीर अवस्थाका भट्टको सेती प्रादेशिक अस्पतालमा आईसीयुमा राखेर उपचार भइरहेको छ । अवस्था बिग्रँदै गएपछि उनलाई उपचारका लागि काठमाडौं लगिने भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले कारागारको परिस्थिति प्रहरी प्रशासनको नियन्त्रणमा रहेको जानकारी गराएका छन् ।

कैदीबन्दीको सरुवाबारे मतऐक्यता हुन नसक्दा विवाद उत्पन्न भई झडप हुने गरेको जनाइएको छ । एकसय ५० जना क्षमताको कैलाली कारागारमा हाल छ सय ८० जना रहेका छन् ।




**महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर**

**भर्ना सम्बन्धि सूचना**

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

**भर्ना कार्यक्रम**
Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अर्न्तगत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ ।
**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर निःशुल्क रुपमा भर्न सकिनेछ ।

**सिट संख्या**
मेडिकल ल्याब टेक्नोलोजी ३० जना, समान्य चिकित्सा ४० जना, डिप्लोमा इन फार्मेसी ४० जना
अप्थाल्मिक साइन्स ४० जना, (१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet , (२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी, (५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क :महाकाली बहुप्राविधिक शिक्षालय**
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९-५२००४४,९८४८७२०२४७,९८४८७२६८६५

# भूमिहीन परिवार अधियाँ खेतीमै निर्भर

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २४ साउन**

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-८ नौखरीका कान्छा चौधरी बिहान सबेरै हलो बोकेर निस्कन्छन्, तर त्यो हलो उनी आफ्नै खेत जोत्न होइन ।

छिमेकीको अधियाँ-बटैयामा बनाएको खेत बारी जोत्नका लागि हो। उनीसँग घरवासका लागि मात्रै जग्गा छ । त्यस जग्गाले परिवारको वर्षभरिको खानाको जोहो नहुने भएपछि अधियाँ-बटैयामा जग्गा कमाउँदै आएका छन्। उनीजस्तै अधियाँ-बटैयामा खेती गर्ने नगरपालिकामा दर्जनौँ किसान छन् ।

जो जीविका चलाउनकै लागि अधियाँ अर्थात् बटैयामा खेती गर्दै आएका छन्। बटैयामा खेती गर्ने किसानले र जग्गाधनीले उत्पादन भएको अन्न आधा आधा बाँडेर लिने गरेका छन्। जसका लागि जग्गाधनीले जग्गासँगै सिँचाइका लागि पानी निःशुल्क रूपमा उपलब्ध गराउँछन्। अधियाँ लगाउनेले खेत जोत्छन्। खेती लगाउ छन्, काट्छन्, बाली पाकेपछि भित्र्याउने जिम्मा पनि अधिया गर्नेकै हुने कान्छा बताउछन्।

तर जोत्ने कार्यबाहेक थ्रेसिङ गर्दा लाग्ने खर्च, मलखाद, विषादी, बीउबिजनलगायतको खर्च अधियाँ बनाउने र जग्गा धनिले आधा-आधा बेर्होछन्। जग्गा थोरै हुँदा वर्षभरी खान नपुग्ने परिवारले अधियाँ खेती लगाउने गरेका छन् । अधियाँ खेती गर्ने कार्य भने धेरै वर्षअघिदेखि चल्दै आएको छ। अधियामा खेती गरेर जग्गाधनी र खेती लगाउने व्यक्ति गरी दुई परिवारको जीविका चल्ने गरेको कलेशु चौधरीले बताए ।

उनका अनुसार अधियाँ लगाउने जोताहा किसानलाई जग्गाधनीले पहिला घरको काममा पनि लगाउने गर्दथे । त्यसका लागि अधिया माग्न जाँदानै मौखिक रूपमा करार गर्नुपर्दथ्यो । बदलिँदो परिवेशअनुसार हाल अधियाँ लगाउने व्यक्तिले जग्गाधनीको घरायसी काम भने गर्नुपर्दैन । त्यो चलन हटेको छ ।

'कसैले स्वविवेकले कार्य गरे भने त्यो बेग्लै कुरा हो', कलेशुले भने, 'पुरानो चलन हटेको छ, मौखिक रूपमा विश्वासका आधारमा हाल काम हुने गरेको छ, अधियाँ लगाउने र जग्गाधनीबीच भने कुनै लिखित करार हुने गरेको छैन ।'

जग्गाधनीले अधियाँ लगाउने किसानले खेती राम्ररी नलगाएबीचमै छुटाउने कार्य हुँदै आएको राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल सुदूरपश्चिम प्रदेश सचिव रामबहादुर चुँनाँराले बताए । त्यस कार्यले अधियामा जीविका चलाउने परिवार भने समस्यामा पर्ने गरेको उनी बताउछन् ।

मञ्चले सङकलन गरेको तथ्याङकअनुसार नगरपालिकामा खेती गर्ने जमिन थोरै छ । जमिनमा आश्रित जनसङ्ख्या अत्यधिक छ। नगरपालिकाको कूल १६२ दशमलव ७५ वर्गकिलोमिटर क्षेत्रफलमध्ये केवल आठ दशमलव ४२ वर्ग किलोमिटर (५.१७ प्रतिशत) जमिन मात्रै खेतीयोग्य छ । बाँकी सबै क्षेत्रमा वन, बस्ती, सडक, खोलानाला, धार्मिक क्षेत्र र अन्य प्रयोगको जमिन रहेको छ ।

नगरपालिकामा १२ हजार ५८ घरधुरीमध्ये ८२८ परिवार सँग अझैपनि आफ्नो नाममा जग्गा छैन । पुरुषको जग्गामा स्वामित्व ९४ प्रतिशत छ भने, महिलाको नाममा पाँच दशमलव आठ प्रतिशत जग्गाको स्वामित्व छ । लैङ्गिक समानताका चर्का कुरा गरिए पनि व्यहारमा भने महिलाको सम्पती माथिको अधिकार सीमित रहेको मञ्चका सचिव चुँनारा बताउछन । उनका अनुसार भूमिहीनहरूमध्ये धेरैजसो दलित, सुकुम्बासी र आदिवासी जनजाति



समुदायका व्यक्तिहरू रहेका छन् । जसले पुस्तौंदेखि अरुको जमिनमा अधियाँ जग्गा कमाउनका लागि पसिना बगाइरहेका छन् । 'हामी पुर्खौदेखि अरुको जमिन जोत्दै आएकाछौँ', गोरे दमाईले भने, 'आफ्नो नाममा जग्गा छैन अरुकै भरमा जीविका चल्दै आएको छ ।'

भूमि अधिकार मञ्चका अनुसार, हालसम्म नगरपालिकाबाट एघार हजार ८५४ अव्यवस्थित बसोबासी, २१५ भूमिहीन दलित र १४८ सुकुम्बासीले जग्गा स्वामित्वका लागि भूमिसम्बन्धी समस्या समाधान आयोगमा निवेदन दिएका छन् । निवेदन दिएकामध्ये केही वडाका अव्यवस्थीत बसोबासीको जग्गा नापजाँचको कार्य भएको छ भने केही हुने क्रममा रहेको छ । भूमिहीन दलित र सुकम्बासीले निवेदन दिए पनि कुनै पनि कार्य अगाडि बढन सकेको छैन ।

जग्गामा खेती लगाए पनि बर्सेनि आउने बाढीले शुक्लाफाँटाका किसानलाई सास्ती दिने गरेको छ । बाढीकै कारण लगाइएको खेती डुबान र कटानका कारण प्रतिवर्ष प्रभावित हुने गरेको छ ।

जलवायु परिवर्तनको असरका कारण बेमौसमी वर्ष हुँदा खेती भित्र्याउन नपाउँदै कुनै वर्ष खेतमै धान, गहुँलगायतका बालीमा नोक्सानी बेहोर्नुपर्ने अवस्था रहने मञ्चका सुदूरपश्चिम अध्यक्ष नन्दादेवी जोशीले बताए ।


उनका अनुसार अघिल्लो दुई वर्षमा मात्रै नगरपालिकाका आठभन्दा बढी परिवार बाढी र डुबानले प्रत्यक्ष प्रभावित भएका थिए । 'जसबाट सबैभन्दा बढी मार अधियाँ जग्गा कमाउने जोताहा किसानलाई पर्ने गरेका छन्', उनले भने, 'जसमा भूमिहीन दलित, सुकुम्बासी परिवारका व्यक्तिहरू समस्यामा पर्ने गरेका छन् ।'

जलवायु परिवर्तनको असरले वर्षा चक्र अनियमित बन्दा कहिले अति पानी, कहिले खडेरी हुन्छ । तापक्रमको वृद्धिसँगै नयाँ रोग र किराको प्रकोप फैलिएको छ । जसले नगदेबाली र तरकारी उत्पादनमा ठूलो असर परेको नगरपालिकाको कृषि शाखाका प्रमुख करनसिंह बुढाऐरले बताए ।

पछिल्ला वर्षहरूमा केही उत्साही कृषकहरूले व्यावसायिक तरकारीखेती, फलफूल (केरा, आँप, लिची), नगदेबाली, कुखुरापालन र बङ्गुरपालनजस्ता मिश्रित खेती र पशुपालनलाई अँगाल्न थालेका छन् । तिनीहरूको सङ्ख्या भने थोरै रहेको छ ।

'अब परम्परागत खेतीले मात्रैले हुँदैन, मौसमको अनिश्चिततासँग जुध्नका लागि खेतीमा परिवर्तन गर्नु आवश्यक छ', उनले भने, 'मौसम सुहाउँदो बढी उत्पादन दिने बाली लगाउनका लागि किसानलाई उत्प्रेरित गर्ने कार्य हुँदै आएको छ ।' त्यसका लागि किसानलाई नगरपालिकाका तर्फबाट बीउबिजन, कृषि औजार, उपकरण, सिँचाइका साधनमा अनुदान दिने कार्य हँदै आएको उनले बताए ।

# हार्दिक श्रद्धाञ्जली



## स्व० सम्झना भट्ट

यस लिटिल बुद्ध एकेडेमी महेन्द्रनगर, कञ्चनपुरमा विज्ञान संकाय कक्षा १२ मा अध्ययनरत छात्रा सम्झना भट्टको असामयिक निधनले सम्पूर्ण विद्यालय परिवार स्तब्ध भएका छौं। दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनी समवेदना प्रकट गर्दछौं ।

**लिटिल बुद्ध एकेडेमी परिवार**

**महेन्द्रनगर, कञ्चनपुर**

# श्री लक्ष्मी माध्यमिक विद्यालय

भी. न. पा. १९, उल्टाखाम, बागफाँटा, कञ्चनपुर

(अंग्रेजी र नेपाली दुवै माध्यममा सञ्चालित)

स्थापित २०३९

शैक्षिक सत्र २०८१ को कक्षा १२ को राष्ट्रिय परीक्षा बोर्ड परीक्षामा नियमित तर्फ सहभागी भई उत्कृष्ट जि. पी. ए. ल्याउन सफल सम्पूर्ण विद्यार्थी भाईबहिनीहरूलाई बधाई एवम् उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



*Bipin Bist*
*3.27*



*Swastika Chudhary*
*3.01*



*Karishma Chand*
*2.94*



*Jayanti Joshi*
*2.84*



*Harendra Shah*
*2.81*



*Rejina Chand*
*2.57*

*Rina Badayar*
*2.48*



*Aashika Chaudhary*
*2.42*



*Hemanti Airi*
*2.40*



*Laxmi Bist*
*2.37*



*Hema Bhatt*
*2.34*



*Apshara Chand*
*2.34*



*Aarati Bhandari*
*2.28*

दशरथ भण्डारी
वि. व्य. स.
अध्यक्ष

परमानन्द नाथ
प्रधानाध्यापक

एवं विद्यालय परिवार


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७